# आर्थिक वर्ष २०७५।७६ को नीति, कार्यक्रम तथा बजेट

## सिद्ध कुमाख गाउँपालिका

## सल्यान

**सभाध्यक्ष महोदय**,

उपस्थित गाउँसभाका सम्पुण सदस्यहरु ज्यूहरु,
सम्पुर्ण कर्मचारीहरु तथा उपस्थित सम्पुर्ण आमा बुबा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधानको धारा २९३ को उपधारा (३) बमोजिम कायम ७५३ स्थानीय तहहरु गाउँपालिका स्थानीय सरकारको रुपमा रहेका छन । संघीयताको कार्यान्वयन अर्न्तगत भएको स्थानीय तहको निर्वाचन मार्फत जनताले हामीलाई सिद्ध कुमाख गाउँपालिकाको जनप्रतिनिधिको रुपमा चुनेर आफ्नो नीति आफै बनाउने र आफ्नो लागि आफैँ शासन गर्ने लोकतन्त्रको अभ्यास थालनीको गहन अभिार सुम्पेका छन । देशलाई यस स्थितिमा ल्याइपुर्याउन आफ्नो प्राण उत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम् भूमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई स्मरण गर्न चाहन्छौँ ।

स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबारको स्थापना भएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो तहलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । आज हामीलाई यस गाउँपालिका क्षेत्र भित्र व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग गर्दै जनतामा रहेको विकासप्रतिको तीव्र चाहना पुरा गर्ने, जनप्रतिनिधिमार्फत स्थानीय तहमा नै जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्व कायम गरी स्थानीय तहदेखि नै लोकतन्त्रको असली अभ्यास थालनी गर्दै संघीयताको कार्यान्वयनमा अहम भूमिका प्राप्त भएको छ । स्थानीय तहले आफ्नो क्षेत्रभित्र आफै कर लगाउने, कर, शुल्क तथा राजश्वका दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँगाउँ, बस्ती, टोल हुँदै वडा समिति र

विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको छलफल पश्चात यस सम्मानित गाउँसभा समक्ष सिद्ध कुमाख गाउँपालिकाको दोस्रो वर्षको वार्षिक नीति तथा कार्यक्रम साथै बजेट सार्वजनिक गर्न पाउँदा म निकै हर्षित एवम् गौरवान्वित छु ।

**सभाध्यक्ष महोदय**

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अव म यस सिद्ध कुमाख गाउँपालिकाको **आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१.सिद्ध कुमाख  गाउँपालिकाका स्थानीय सरकारले यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्यूनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

२.ढोरचौर छापडाँडा दह गोगनकटेरा मैदुपोखरा सडक र चाख्लीघाट गोलटाकुरा हुदै कुमाख जोड्ने सडकलाई गाउँपालिका स्तरीय गौरवको योजना रुपमा विकास गर्न प्रदेश सरकार र केन्द्र सरकार सँग सहकार्य गरिनेछ ।

## कृषि तर्फ

३. कृषकहरुलाई साना, मझौला र ठुला किसानमा वर्गिकरण गरि व्यवसायिक कृषि उत्पादनमा जोड दिईनेछ ।

४. हरेक वडामा प्रांगारिक उन्मुख व्यावसायिक नमुना कृषि फर्म स्थापना गरि वेरोजगार युवाहरुलाई कृषि पेशा अंगाल्न प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ  ।

५. प्रांगारिक उन्मुख कृषि उत्पादनमा जोड दिन स्थानिय स्रोत/साधनको उचित प्रयोग गरि जैविक विषादिको उत्पादन र प्रयोगलाई बढवा दिइनेछ । जैविक तथा प्रांगारिक मलको प्रयोगमा जोड दिइनेछ ।

६. व्यावसायिक कृषकहरुलाई प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रमबाट प्रोत्साहन गरिनेछ ।

७. कृषकहरुलाई आवश्यक पर्ने खाद्यान्न वालीहरुको उन्नत विउ स्थानिय स्तरमै उत्पादन, भण्डारण र वितरण व्यावस्था गरिनेछ ।

८. उपयुक्त रुपमा प्रयोग नभएका जग्गाहरुलाई व्यावसायिक कृषि उत्पादनका लागि लिज (भाडा) मा दिने निति निर्माण गरिनेछ ।

९. छरिएर रहेका कृषि कार्यक्रमहरुलाई पकेट/प्याकेजको रुपमा संचालन गर्ने निति अवलम्वन गरिनेछ ।

१०. एकघर एक पोषण वगैंचाको निति अवलम्वन गरिनेछ ।

## पशुतर्फ

११. पशु सेवा केन्द्रले विगतमा गर्दै आएका कार्यक्रमहरुलाई निरन्तरता दिदै आगामी वर्षमा यस गाउँ पालिका भित्र वजार व्यवस्थापन गर्न पशु हाट बजार, पशु संकलन केन्द्र स्थापना, दुध उत्पादनको लागि डेरी पकेट क्षेत्र स्थापना, बाख्राको स्रोत केन्द्र स्थापना, घाँसको स्रोत केन्द्र स्थापना र स्थानिय कुखुरा प्रवधन कार्यक्रमको निति ल्याइनेछ ।

## शिक्षातर्फ

१२.विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, प्रौढ शिक्षा, युवा शिक्षा, किशोर किशोरी शिक्षा लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । विद्यालयको पुर्वाधार विकास, शिक्षकहरुको क्षमता अभिवृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

१३. विद्यालयमा छात्रछात्रालाई छुट्टा छुट्टै तथा बालमैत्री शौचालयको व्यवस्था गरिनेछ ।

१४. विद्यालयको शैक्षिक गुणस्तरमा थप सहयोगको लागि जडान गरिएका इहाजिरीलाई निरन्तर मुल्यांकन तथा अनुगमन गरि प्रभावकारी वनाइनेछ ।

## स्वास्थ्यतर्फ

१५. गाउँपालिका अर्न्तगतको स्वास्थ्य चौकीहरुमा गुणस्तरिय स्वास्थ्य सेवा सवैको सहज पहुँच हुनेगरि प्रभावकारी सेवा उपलव्ध गराईनेछ । साथै गाउँपालिका बाट थप गरिएका स्वास्थ्य इकाईहरु पनि थप सेवा सुविधाहरु व्यवस्था गरिनेछ ।

१६. शिसु मृत्युदर तथा मातृ मृत्युदर घटाउन महिला स्वास्थ्य स्वयंसेविका, ग्रा.स्वा.का. र मा.सि. का. हरु परिचालन गर्न थप पहल गरिनेछ । महिला स्वास्थ्य स्वयं सेविकाले स्वास्थ्य क्षेत्रमा गरेको योगदानलाई कदार गर्दै साविकका गाविसबाट दिदै आएको खाजा खर्चमा बृद्धि गरि निरन्तरता गरिनेछ । पुर्ण सरसफाइ र पुर्ण खोप अभियानलाई निरन्तर लागु गरिनेछ ।

१७. सर्ने तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रमको संचालन गरिनेछ । ५ देखि १५ बर्ष सम्मका विद्यालय जाने केटाकेटीहरुका लागि मुटु बाथरोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

१८. स्वास्थ्य क्षेत्रको सेवा थप प्रभावकारी वनाउनको लागि स्वास्थ्य संस्था, म.स्वां.स्व. सेविका, महिला स्वास्थ्य आमा समुह तथा सरोकारवाला सवैले जनचेतनामुलक कार्यक्रम गर्न विषेश जोड दिइनेछ ।

१९.सुचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन । आगामी बर्ष भित्र गाउँपालिको केन्द्रमा र वडा कार्यालयहरुमा ईन्टरनेटको जडान गरी सेवा प्रवाहलाई प्रविधियुक्त बनाईनेछ ।

## लक्षितवर्गतर्फ

२०.यस क्षेत्रमा रहेका दलित, जनजाती, अपांग, महिला, जेष्ठ नागरिक लगायतका लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ ।

२१. सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

२२. लक्षितवर्गका लागि विगतमा गरिएका कार्यक्रमहरुलाई मागको आधारमा क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमको व्यवस्था गरिनेछ । साथै उत्कृष्ट १ जना महिला उद्यमिलाई प्रोत्साहन स्वरुप सम्माण गरिनेछ ।

२३. प्रजनन स्वास्थ्य, महिला हिंसा, घरेलु हिंसा तथा लैगिक हिंसा न्युनिकरण गर्नको लागि जनचेतनामुलक कार्यक्रम गरिनेछ । किशोर किशोरीहरुको लागि जीवनउपयोगी तथा शिपमुलक तालिमको व्यवस्था गरिनेछ ।

२४. बढ्दो बालविवाह न्युनिकरण गर्न प्रत्येक विद्यालय तथा समाजमा जनचेतनामुलक कार्यक्रम गरिनेछ ।

२५. सिद्ध कुमाख गाउँपालिकाबाट जेष्ठनागरिकहरुलाई सम्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२६.युवाहरुलाई स्थानिय स्तरमा उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइनेछ ।

२७. सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम बैंक मार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

## भौतिक पूर्वाधार, पर्यट तथा सुशासनतर्फ

२८.गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । यस गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका घोषनाको लागि फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने जस्ता कार्यक्रमहरु ल्याइनेछ ।

२९. यस क्षेत्रमा रहेका जडीबुटीलाई जनताको आयआर्जनको मुख्य स्रोतका रुपमा विकास गर्दै महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन, प्रशोधन र बजारीकरणका लागि विभिन्न निकायसँग सहकार्य र समन्वय गरी उचित व्यवस्था गर्ने तर्फ ध्यान केन्द्रित गरिनेछ ।

३०. यस गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ ।

३१. सार्वजनिक निकायबाट प्रवाह सेवाको प्रभावकारिता वद्धि, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

३२.जलवायु परिवर्त अहिले विश्वको प्रमुख चुनौतिको रुपमा देखिएको छ । जलवायु परिवर्तनको सामना गर्न संघीय सरकारको नीति र कार्यक्रम अनुरुप स्थानीय तहमा जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३३.बनक्षेत्रको विस्तार, हरियाली प्रबर्द्धन र बनपदैवारमा आधारित आयमूलक कार्यक्रमलाई विषेश प्राथामिकता दिईनेछ । साथै वनक्षेत्रलाई सुख्खा वाट जोगाउन सवै टोल बस्तीहरुमा वर्षे पोखरी निर्माणलाई ग्राहयता दिइनेछ ।

३४.सिद्ध कुमाख गाउँपालिकाको कुमाख क्षेत्र प्रमुख पर्यटकीय गन्तव्य रुपमा रहेको छ । यस क्षेत्रको पर्यटन प्रबर्द्धनका लागि पर्यटकीय मार्गहरुको निर्माण गर्ने, बाटो सुधार गर्ने, होटल तथा अन्य सेवा ब्यबस्थापन गर्ने र पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।सिद्ध गुफाको आफ्नै मौलिकताको प्रचार प्रसार तथा भौतिक पुर्वाधारको लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

३५. केन्द्रीय अनुदानमा सधै स्थानीय तह चल्न सक्दैन, हामीले यस गाउँपालिकालाई आर्थिक रुपमा आत्मनिर्भर गराउन हाम्रो आन्तरिक स्रोत मजबुत बनाउनै पर्ने हुन्छ । सोही अनुरुप स्थानीय करका स्रोतहरु खोजी गर्दै आन्तरिक आय बृद्धि गर्ने नीति ल्याइनेछ । यस क्षेत्रमा संचालित ब्यापार ब्यावसाय गाउँपालिकामा दर्ता गरि करको दायरामा ल्याइने साथै ऐलानीमा जमिनमा घर बनाउन नदिने र वनाएका घरहरुलाई करको दायरामा ल्याइनेछ ।

**सभाध्यक्ष महोदय,**

चालु आ व २०७४।७५ मा यस गाउँपालिकाले संशोधित कुल बजेट रु १८ करोड ३१ लाख २३ हजार रहेको छ । चालु आ व पुजिगत बजेट तर्फको एक एकवटा विद्युत खानेपानी र सडकका योजनामा विनियोजित अनुमानित ६४ लाख रकम कार्यन्वयन हुन सकेन । त्यसैगरी चालु खर्चमा अनुमानित २० लाख बचत हुने देखिन्छ ।

विगतका वर्षहरुमा राजश्व परिचालनको हिस्सा ज्यादै नै न्यून थियो । यस चालु आ व मा गाउँपालिकाले १० लाख राजस्व उठाउने लक्ष्य लिएकोमा जेष्ठ मसान्त सम्म लक्ष्य भन्दा ५७ हजार बढी राजस्व संकलन भएको छ ।

यस गाउँपालिकाको एकिकृत, समावेशी र नतिजामुखी विकासका लागि देहाय बमोजिमका समस्या र चुनौतीहरु विद्यमान रहेको जानकारी गराउन चाहन्छु ।

- ❖स्थानीय टोल, बस्ती र समुदायको परिचालन र सहभागिता बाटै सम्बोधन हुन सक्ने स-साना योजनाका मागहरु सम्बोधन गर्नुपर्ने अवस्था छ ।

- ❖योजना छनौट प्रक्रियामा सचेतनाको अभावले प्रतिफल नदिने र अनुत्पादक क्षेत्रका योजनाहरु माग हुने विषयमा पर्याप्त सचेतना पुऱ्याउन सकिएको छैन ।
- ❖जनसहभागितामा आधारित, सन्तुलित र न्यायोचित विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।
- ❖लक्षित समूहहरुमा जीवन-यापनका आधारभूत सीप प्रदान गरी आय-आर्जन वृद्धि गर्नेखालका कार्यक्रम छनौट र कार्यन्वयन गर्न चुनौती देखिएको छ ।
- ❖सीमित स्रोत र साधनको कारण गाउँपालिकाको पूर्वाधार तयार गरी संस्थागत विकास तथा सुधार गर्न चुनौतीपूर्ण छ ।
- ❖पूर्वाधारको अभाव तथा सेवा उद्योगको अभावमा पर्यटन प्रबर्द्धन गर्ने कार्य चुनौतीपूर्ण छ ।
- ❖आयोजना सञ्चालनमा जनसहभागिता वृद्धि गर्दै पारदर्शीता, जवाफदेहिता, सुशासन र आयोजना प्रति अपनत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।
- ❖गाउँपालिकाको अधिकार क्षेत्रभित्रको कर संकलन गर्न करदाताहरुको अपेक्षित सहयोग प्राप्त गरी आन्तरिक आय अपेक्षित रुपमा वृद्धि गर्नु चुनौतीपूर्ण छ ।
- ❖गाउँपालिकाको क्षमता र जन अपेक्षा बीच ठूलो अन्तर रहेको छ ।

उल्लेखित समस्याहरुका बीच यस गाउँपालिकामा देहायका अवसर र सम्भावनाहरु छन् ।

- ❖संविधान कार्यान्वयनको पहिलो पाइलाका रुपमा गाउँपालिका स्थापना भएको एक वर्ष नपुग्दै जनताको विकास प्रतिको उत्साह,अपेक्षा र उर्जा बढ्दो छ ।
- ❖विगत लामो समयदेखि जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य भई स्थानीय तहको निर्वाचनपश्चात जनप्रतिनिधीहरुको पदवहाली भइसकेकाले

जनमतअनुसार द्रुत गतिमा विकासका गतिविधिहरु सञ्चालन गर्ने साथै सोको जवाफदेहिता, पारदर्शिता कायम गरी सुशासन कायम गर्न सकिने सम्भावना रहेको छ ।

- ❖स्थानीय तहमा नै योजना बनाई कार्यान्वयन हुने भएकाले आवश्यकता र मागमा आधारित विकासको सम्भावना बढेको छ । कृषि, ब्यापार, जडीबटीको माध्यमबाट स्थानीय जनताको आयस्तरमा वृद्धि गरी गरिवी न्युनीकरण गर्ने तथा समावेशी र समतामुलक विकासको प्रचुर सम्भावना छ ।

आगामी आर्थिक वर्षको वार्षिक विकास योजनाको प्रमुख उद्देश्यहरु यस प्रकार छन् ।

- ❖गाउँपालिकाको आर्थिक, सामाजिक, पर्यटकीय एवं पूर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने ।
- ❖गाउँपालिकामा रहेको चरम गरिबी न्यूनीकरण गर्न रणनीतिक योजनाहरुको तर्जुमा गर्ने,
- ❖गाउँपालिकाको नीतिगत, संस्थागत र भौतिक पूर्वाधार स्थापना गर्ने ।
- ❖सुशासन प्रबर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक र उत्पादन मुलक बनाउने ।
- ❖सामाजिक आर्थिक रुपमा पछाडि परेको वर्गहरुलाई स्वरोजगार सृजना गरी आत्म निर्भर तर्फ उन्मुख गराउने ।

**सभाध्यक्ष महोदय,**
**उपस्थित महानुभावहरु,**

अव म आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु । राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७५।७६ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिबाट कुल ४० लाख राजश्व प्राप्त हुने

अनुमान गरिएको छ । आ.व. २०७५।७६ को लागि स्वीकृत करको दर अनुसुचीमा उल्लेख गरिएको छ ।

१. मिति २०७५ साल जेष्ठ महिनाको १५ गते व्यवस्थापिका संसदमा केन्द्रिय सरकारका अर्थमन्त्रीले पेश गरेको बजेट घोषणामा आ.व. २०७५।७६ मा यस गाउँपालिकाको लागि नेपाल सरकारले दिने वित्तिय समानीकरण अनुदानको हिस्सा रु. ६ करोड प्राप्त हुनेछ भने सशर्त अनुदानको रुपमा रु. ७ करोड ६९ लाख प्राप्त हुनेछ । त्यसैगरी राजस्व बाडफाडबाट ४ करोड ४५ लाख ५ हजार प्राप्त हुनेछ ।

२. यस वर्ष प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि वित्तिय समानीकरण अनुदान तर्फ ४ करोड ९८ लाख र राजस्व बाडफाडबाट २ लाख ८९ हजार प्राप्त हुनेछ ।

३. यस गाउँपालिकाको संचित कोष खातामा चालु वर्षको खर्च हुन नसकी बाँकी रहेको रकम अनुमानित रु ८४ लाख रहेको अवस्था छ । आगामी बर्षको लागी आन्तरिक आय ४० लाख हुने अनुमान छ ।

४. अतः यी सम्पुर्ण रकमहरुको जम्मा गरी आगामी आ.व. २०७५।७६ को लागि यस सिद्ध कुमाख गाउँपालिकाबाट परिचालित हुने कुल बजेट सिमा रु. १९ करोड ९५ लाख ९२ हजार रहेको छ । यसमा गाउँपालिकालाई निशुल्क प्राप्त हुन सक्ने जग्गा, श्रम तथा जनसहभागिताको रकम समावेश गरिएको छैन ।

**सभाध्यक्ष महोदय,**

अव म व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१. आगामी वर्षको कुल बजेट रु.  २१ करोड ३७ लाख ५२ हजार मध्ये चालुतर्फ जम्मा रु ५ करोड १३ लाख ४२ हजार अर्थात २४.०२ प्रतिशत रहेको छ। तथा पुँजीगत तर्फ रु  ८ करोड ५५ लाख १० हजार अर्थात ४०.० प्रतिशत विनियोजन गरिएको छ ।

२. नेपाल सरकारबाट प्राप्त सर्सत अनुदान ७ करोड ६९ लाखलाई चालु पुँजीगत नछुट्याार सम्बन्धित शिर्षकमा एकमुष्ट विनियोजन गरिएको छ जुन ३५.९८ प्रतिशत रहेकोछ ।

३. पुँजीगत तर्फका कार्यक्रमहरुमध्ये भवन तर्फ २ करोड ३९ लाख १८ हजार सडक तथा पुल निर्माण तर्फ २ करोड ७ लाख ५६ हजार रहेकोछ ।

४. विद्युत सरचनामा ४० लाख सिचाइ तर्फ १२ लाख र खानेपानी तर्फ ९६ लाख ७६ हजार विनीयोजन गरिएको छ। आर्थिक विकास तर्फ कृषि र पशु सेवा कार्यक्रम तर्फ २१ लाख बिनियोजन गरिएको छ उक्त शाखामा ससर्त तर्फको कार्यक्रम समाबेश गरिएको छैन ।

५. वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु १२ लाख ५५ हजार (चालु बाट), संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ रु ५ करोड ५० लाख २२ हजार विनियोजन गरिएको छ ।

६. समावेशी तथा सामाजिक विकासको लागि महिला वालवालिका, अपांगका, ज्येष्ठ नागरिकका, दलित वर्ग, युवा तथा खेलकुदतर्फ  एकमुष्ट ५२ लाख ९८ हजार विनियोजन गरेकी छु ।

७. ढोरचौर छापडाँडा दह गोगनकटेरा मैदुपोखरा सडक, उपल्लो बाँझकाडा कुकुरेखोर क्रमागत सडक, खार्वन सागिने सडक, माझखर्क राम्री छापडाँडा सडक

र गोलटाकुरा कुमाख सडकको लागि गाउँपालिकाको तर्फबाट रु ७७ लाख बिनियोजन गरेकी छु र संघिय सरकार र प्रदेश सरकारको समपूरक कोषबाट थप बजेटको लागि पहल गरिनेछ ।

८. गाउँपालिका र वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागि गाउँपालिकाको तर्फबाट रु १ करोड ५० लाख विनियोजन गरेकी छु र प्रदेश सरकारको समपूरक कोषबाट थप बजेटको लागि पहल गरिनेछ ।

९. नेपाल जलस्रोतमा धनी भएतापनि हामी आज अन्धकारमा बस्नु परेको छ । यस गाउँपालिकाको सबै वडामा ५ वर्ष भित्र विद्युत पुर्‍याउने लक्ष्य लिइनेछ । ढोरचौर, चाख्लीघाट, पटारे, मोख्ला र छापडाँडाको बजार क्षेत्रमा सोलार बत्ति जडान गरिनेछ । यसका लागि १० लाख व्यवस्था गरेकी छु ।

१०. सम्भाव्य विद्यालयमा CC क्यामेरा जडान गरिने, प्रत्येक विद्यालयमा स्वच्छ खानेपानीको लागि स्वच्छ फिल्टर र युरोगार्डको व्यवस्था गरिनेछ । यसको लागि रु २० लाख बजेट बिनियोजन गरेकी छु ।

११. आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन नेपाल सरकारबाट दिइदै आएको यातायात खर्चमा थप रु ५००।- र चार पटकको गर्भजाँचमा आउदा थप रु १०० दरले तत्कालै दिइने व्यवस्था दिइनेछ ।

१२. गाउँपालिका स्तरमा मा.वि.को SEE र आधारभुत विद्यालयको कक्षा ८ को परिक्षामा उत्कृष्ट छात्राछात्रलाई र शैक्षिक मुल्यांकनको आधारमा उत्कृष्ट हुने विद्यालयलाई उचित पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरिनेछ । SEE पछि प्राविधिक विषय अध्ययन गर्न चाहने उत्कृष्ट विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था गरिनेछ । यसका लागि रु १० लाख व्यवस्था गरेकी छु ।

१३. हरित अर्थतन्त्रको प्रवर्द्धन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, वाढी पहिरो नियन्त्रण, फोहोरमैला व्यवस्थापन लगायतका

विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ । सडक बाटो निर्माण गर्दा हुनजाने माटो र रुखहरुको क्षतीलाई नियुनीकरण गर्न सडक किनारमा बृक्षारोपन गर्ने नीति ल्याईनेछ । यसको लागि रु २ लाख विनियोजन गरेकी छ ।

आय-व्यय विवरण तथा कार्यक्रम र आयोजनाहरुको विस्तृत विवरण अनुसूचिमा संलग्न गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिइएको छ ।

**सभाअध्यक्ष महोदय,**
**आदरणीय सम्पूर्ण महानुभावहरु,**

यस गाउँपालिकाको वार्षिक बजेट, नीति र कार्यक्रमहरु तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका गाउँपालिकाका सम्पुर्ण जनसमुदायहरु, गाउँपालिकाका **अध्यक्ष ज्यू,** प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्ति गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत योजना, नीति र कार्यक्रमहरुको दफावार छलफलको लागि सक्रीय सहभागिता जनाइ बजेट तथा कार्यक्रम यथार्तपरक र बस्तुनिस्ट बनाउनमा गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरुमा हार्दिक अनुरोध गर्दै विदा हुन अनुमति चाहन्छु ।

धन्यवाद !